# स्थानीय राजपत्र

तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६, भाग २, संख्या २२ , मिति २०८१ बैशाख ६ गते

भाग-२

## तिनाउ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय दोभान, पाल्पा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ८३० बमोजिम तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## तिनाउ गाउँपालिका

# तिनाउ गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यविधि, २०८०

**प्रस्तावनाः**

राष्ट्रिय विकासका लागि आवश्यक दक्ष, योग्य, सीप युक्त जनशक्ति उत्पादन गर्न तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्दै विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शैक्षिक जनशक्तीको संख्यात्मक तथा बिषयगत मिलान गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन. २०७४ को दफा १०२ (२) तथा तिनाउ गाउँपालिकाको शिक्षा ऐन २०७६ को दफा ४४ र ५५ को अधिनमा रही यो कार्यविधि बनाइएको छ ।

**१) सक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "शिक्षक दरबन्दी मिलान तथा समायोजन कार्यविधि, २०८०" हुनेछ ।

(ख) यो कार्यविधि कार्यपालिकावाट स्वीकृत भए पश्चात तुरून्त प्रारम्भ हुनेछ ।

२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले तिनाउ गाउँपालिका सम्झनु पर्छ ।

(ख। "कार्यपालिका" भन्नाले तिनाउ गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "विद्यालय" भन्नाले तिनाउ गाउँपालिका क्षेत्रभित्र संचालित विद्यालयहरू सम्झनु पर्छ ।

(घ। "वि.व्य.स. " भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(छ) "शिक्षक" भन्नाले विद्यालयहरूमा नियमित पठनपाठन गर्ने दरबन्दीमा कार्यरत ( स्थायी अस्थायी करार राहत) तथा गाउँपालिका अनुदानमा कार्यरत शिक्षक वा कर्मचारी सम्झनु पर्छ । यसले वालकक्षामा कार्यरत वालकक्षा शिक्षक र शिक्षण सहयोग अनुदानमा कार्यरत शिक्षक समेत लाई जनाउदछ ।

(ज) "शिक्षा शाखा " भन्नाले तिनाउ गाउँपालिकाको शिक्षा हेर्ने शाखा सम्झनुपर्दछ ।

(च) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र तिनाउ गाउँपालिकाको शिक्षा ऐन २०७६ लाई सम्झनु पर्छ ।

(ज) "कार्यविधि" भन्नाले "शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यविधि, २०८० सम्झनु पर्छ ।

(झ) अन्य शब्द पदावली र नामावलीको अर्थ प्रचलित ऐन कानुन र नियमानुसार हुनेछ ।

ण) यो कार्यविधि लागू हुने क्षेत्र यो कार्यविधि तिनाउ गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ ।

**३ शिक्षक दरबन्दी मिलान तथ समायोजन सम्वन्धी व्यवस्थाः**

क) यस गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका सामुदायिक विद्यालयहरूमा अध्ययनरत विधार्थी सख्याको मुल आधार तथा विद्यालयमा सन्चालित कक्षा र तह समेत लाई मध्यनजर गर्दै सम्भव भए सम्म प्रत्येक २ वर्षमा मिलान गरिनेछ ।

ख) उपदफा क वमोजिमको दरबन्दी मिलान गर्दा तहगत विधार्थी संख्याको आधार लाई मुल आधार मानी समानताको हिसावले स्वीकृत दरबन्दी तथा गाउँपालिकाको अनुदान शिक्षक वितरण गरिनेछ ।

ग) मापदन्ड भन्दा कम विधार्थी संख्या भएका विद्यालयहरूवाट दरबन्दी कटौति गरि विधार्थी संख्या वढि भएको विद्यालयमा उक्त दरबन्दी पुलको रूपमा कायम गरिने छ। साथै पुलमा रहने दरबन्दी सोही विद्यालयको माथिल्लो तहमा दरबन्दी नभएमा पुलको रूपमा कायम गरिने छ ।

घ) यस कार्यविधि अनुसार दरबन्दी मिलान गर्दा प्राविधिक धार सन्चालनमा रहेका विद्यालयहरूको प्राविधिक जनशक्ति हेरफेर गरिने छैन ।

ङ) दरबन्दी मिलान गर्दा विद्यालयले क्ष्भ्ःक्ष्क मा प्रविस्ट गरेको विद्यार्थी संख्या लाई स्थलगत अनुगमनवाट पाइएको विद्यार्थी संख्यालाई मान्यता दिइने छ ।

च) कुनै विद्यालयमा देहायको विद्यार्थी संख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी संख्या पुग्ने प्रर्याप्त आधार नदेखिएमा सामुदायिक विद्यालयको कक्षा कटौती, विद्यालय एकीकरण र समायोजन गरीनेछ । यसरी विद्यालयको कक्षा कटौती, विद्यालय एकीकरण र समायोजन गर्दा कक्षा १-३ प्रति कक्षा ५जना विद्याथी, कक्षा ४-३ प्रति कक्षा ५ जना विद्याथी र कक्षा ६-८ प्रति कक्षा ८ जना विद्यार्थी, कक्षा ९-१० प्रति कक्षा १० जना विद्यार्थी, कक्षा ११-१२ प्रति कक्षा १० जना विद्यार्थीको संख्यालाई आधार मानिनेछ । विद्यालय समायोजन तथा कक्षा एकिकरण भए पश्चात विद्यालय समायोजन तथा कक्षा एकिकरणबाट प्रभावित हुने विद्यार्थिहरूलाई गाउँपालिकाले स्थापना गरेको आवाशिय विद्यालयमा आवाशिय सुविधा उपलब्ध गराउनेछ ।

छ) विद्यालयको कक्षा कटौती,विद्यालय एकीकरण र समायोजन गर्दा नजिकको अर्को विद्यालयको दुरी पैदल यात्रा बढीमा आधा घण्टाको, जनसंख्या, घरधुरी संख्या कक्षा १ को भर्नादरलाइ आधार मानिनेछ ।

ज) गाउँपालिकाको शिक्षा शाखा मार्फत विद्यालय अनुगमन समिति वा विद्यालय समायोजन समितिले विद्यालयहरूको अध्ययन गरि त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिबाट अनुमोदन भए पश्चात गाउँकार्यपालिकाले निर्णय गरे पश्चातः दरबन्दी मिलान तथा विद्यालयको कक्षा एकिकरण, कटौती र समायोजन कार्य हुनेछ ।

**३) पुलमा रहने दरबन्दी सम्वन्धी ब्यवस्थाः**

क) कुनै विद्यालयको विधार्थी संख्या कम भएर दरबन्दी कटान गएमा त्यस्तो दरबन्दी पुल दरबन्दीको रूपमा रहने छ ।

ख) उपदफा १ वमोजिम पुलमा रहने दरबन्दी यस गाउँपालिकाको निम्न माध्यमिक तथा माध्यामिक शिक्षक दरबन्दी अपुग भएको अवस्थामा त्यसरी वाँकी रहेको दरबन्दी माथिल्लो तहमा गणना हुने गरी ब्यवस्थापन गरीने छ ।

**४) शिक्षक ब्यवस्थापनः**

क) पुलमा रहेको दरबन्दीलाई स्थानान्तरण गर्दा सम्भव भएसम्म रिक्त दरबन्दी स्थानान्तरण गरिने छ।

ख) रिक्त दरबन्दी नरहेको अवस्थामा स्वेरिवक रूपमा अर्को विद्यालयमा जान चाहने शिक्षकलाई निवेदनको आधारमा उपयूक्तता हेरि स्थानान्तरण गरिने छ ।

ग) करार तथा राहत दरबन्दीमा कार्यरत शिक्षकलाई निजले लिएको नियृक्ती मितिको आधार लिई कनिष्ठताको आधारमा स्थानान्तरण गरिने छ ।

घ) शिक्षकको स्थानान्तरण गर्दा सम्भव भएसम्म पायक पर्ने गरि दरबन्दी थप हुने सम्भावना रहेको विद्यालयमा गरिने छ।विधिक जनशक्ति हेरफेर गरिने छैन ।

ङ) दरबन्दी मिलानको समयमा रिक्त दरबन्दीमा सरूवा भई जानका लागि प्राथमिकता दिइनेछ । यसका लागि सम्बन्धित शिक्षकले निवेदन पेश गर्नु पर्ने छ ।

**४) विविधः**

क) दरबन्दी मिलान गर्ने समय अवधीः यो कार्यविधि गाउँकार्यपालिका बाट स्वीकृत भई गाउँ शिक्षा समितिले दरबन्दी मिलानको प्रतिवेदन अनुमोदन गरेको एक महिना भित्र दरबन्दी मिलान कार्य सम्पन्न गरि सक्नु पर्ने छ ।

ख) शिक्षक स्थानान्तरण भएको विद्यालयमा जानु पर्नेः यो कार्यविधि अनुसार स्थानान्तरण हुने शिक्षकहरू तोकिएको समय भित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रूपमा

हाजिर हुनु पर्नेछ । तोकिएको समय भित्र हाजिर हुन नजाने शिक्षकहरूलाई साविकको विद्यालयमा हाजिर गराउन वाध्य हुने छैन ।

ग) विद्यालयले अनिवार्य रूपमा हाजिर गराउनु पर्ने वा रमाना दिनुपर्नेः यस कार्यविधि अनुसार स्थानान्तरण भई आउने शिक्षकहरूलाई विद्यालयले अनिवार्य रूपमा हाजिर गराउनु पर्ने छ भने स्थानान्तरण भई जाने शिक्षकलाई रमाना दिनु पर्ने छ ।

घ) शिक्षक दरबन्दी मिलान सम्वन्धि अन्य व्यवस्था विगतमा नेपाल सरकारले दरबन्दी मिलान गर्दा गरिएको अभ्यास बमोजिम गरिनेछ ।

ङ) यो कार्यविधिमा उल्लेख गरिएका कराहरू यसै वमोजम तथा उल्लेख नगरिएका कुराहरू प्रचलित कानून वमोजिम हुनेछ ।

च) बचाउ तथा खारेजीः यस कार्यविधिमा उल्लिखित कुनै प्रावधान वा विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या गाउँ कार्यपालिकाले गर्नेछ । ।

छ) बाझिएमा अमान्य हुनः यस कार्यविधिमा उल्लेख भएका व्यवस्था तथा प्रावधान प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

प्रमाणिकरण मितिः २०८०।१२।२८

आज्ञाले
लेख बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत
तिनाउ गाउँपालिका